नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
वैदेशिक रोजगार बोर्डको सचिवालय

बबरमहल, काठमाडौं।
०१-५३२०३११
०१-५३२०३३/५६
Fax: ०१-५३२०५४३
E-mail: info@feb.gov.np

प.सं.:
च.नं.:

मितिः २०८२/०२/२९
ने.सं. ११४६

**श्रम, आप्रवासन तथा वैदेशिक रोजगार सम्बन्धी सामग्री उपलब्ध गराईदिने सम्बन्धी सूचना।**

प्रस्तुत विषयमा वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित, मर्यादित बनाउन वैदेशिक रोजगार बोर्डले कल्याणकारी कार्य सहित विभिन्न सूचनामूलक तथा प्रवर्द्धनात्मक कार्यहरू गर्दै आइरहेको व्यहोरा यहाँलाई अवगतै छ।

यसै सन्दर्भमा श्रम, आप्रवासन र वैदेशिक रोजगारीका विविध आयामहरूसँग सम्बन्धित विषयमा छरिएर रहेका सूचना, ज्ञान, अनुसन्धान र जनचेतनामूलक सामग्रीहरूलाई एकै स्थानबाट अध्ययन, उपयोग एवं पहुँचयोग्य बनाउन वैदेशिक रोजगार बोर्डको सचिवालयमा एक डिजिटल सूचना तथा स्रोत केन्द्र (Digital Information and Resource Center) स्थापना गर्ने प्रयोजनको लागि तहाँ संस्थाले हालसम्म उत्पादन, प्रकाशन तथा प्रसारण गरेका श्रम, सुरक्षित आप्रवासन र वैदेशिक रोजगारसँग सम्बन्धित देहाय बमोजिमका सामग्रीहरू डिजिटल प्रति (Soft Copy) मा यस बोर्डलाई निःशुल्क उपलब्ध गराई सहयोग गरिदिनुहुन आदेशानुसार अनुरोध छ।

**दृश्य सामग्री** - भिडियो, वृत्तचित्र (Documentaries), र सूचना तथा जानकारीमूलक भिडियो क्लिपहरू।
**श्रव्य सामग्री** - रेडियो जिङ्गल, पोडकास्ट, रेडियो नाटक र चेतनामूलक अडियो सन्देशहरू ।
**प्रकाशन तथा पुस्तकहरू** - अध्ययन प्रतिवेदन, अनुसन्धानमूलक लेख, म्यानुअल, ब्रोसरहरू (PDF Format मा)।

डिजिटल सामग्रीहरू यस सचिवालयको इमेल info@feb.gov.np वा डिजिटल माध्यम मार्फत उपलब्ध गराउन सक्नुहुनेछ। इमेल मार्फत उपलब्ध गराउँदा subject मा " for DIRC" उल्लेख गरिदिनु हुन अनुरोध छ। श्रम र आप्रवासनको क्षेत्रलाई थप पारदर्शी र सूचनामैत्री बनाउने कार्यमा यहाँको संस्थाबाट पूर्ण सहयोग प्राप्त हुने अपेक्षा रहेको छ।

थप जानकारीका लागिः
शाखा अधिकृत, संजय अधिकारी - ९८४१७१४६३२